# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## शुक्लागण्डकी पालिका
## तनहुँ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ४७

मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगरप्रमुखज्यू,
शुक्लागण्डकी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
तनहुँ।

**कैफियत सहितको राय**

हामीले शुक्लागण्डकी नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.५ करोड ९९ लाख ६१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू.२ लाख ६८ फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.७० लाख ९५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ५९ लाख ३० हजार, नियमित गर्नुपर्ने रू. १ करोड ६९ लाख २५ हजार र पेश्की रू.१ करोड ९७ लाख ४३ हजार रहेको छ ।पालिकाको गतवर्ष रु. १० करोड ३३ लाख ७२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ११ करोड ७७ लाख २१ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

शुक्लागण्डकी नगरपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४६ | ५५ | ५९९६१ | ० | २ | २६८ | ४६ | ५२ | ५९६९३ | ७०९५ | १६९२५ | १५९३० | ० | ० | ३२८५५ | १९७४३ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | १०३३७२ | ० | ४५३४४ | ५८०२८ | ० | ५९६९३ | ११७७२१ |

**पुनश्च:** प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश भएकोमा यथाशिघ्र सम्परीक्षण गरी सोको जानकारी गराईने व्यहोरा अनुरोध छ ।

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : शुक्लागण्डकी नगरपालिका, तनहुँ , शुक्लागण्डकी नगरपालिका , तनहुँ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | लिला बल्लभ न्यौपाने | २०७८-६-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कोपिला पौडेल | २०७६-९-१६ | |
| | | **बेरुजु रकम** | ५९,९६०,५६६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४०,७०,४३,४९७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४९,०५,८९,३४७ | **चालु खर्च** | ४७,६६,८८,९०२ |
| **प्रदेश सरकारबाट अनुदान** | १,८५,२८,४६६ | **पूँजीगत खर्च** | ३८,४५,२३,१४९ |
| **राजश्व बाँडफाँट** | ११,१५,१४,६६१ | **वित्तीय/अन्य व्यवस्था** | २९,५७,८३,४५२ |
| **आन्तरिक आय** | १६,७६,०१,३३२ | | |
| **अन्य आय** | १५,३७,३०,५४४ | | |
| **कुल आय** | ९४,१९,६४,३५० | **कुल खर्च** | १,१५,६९,९५,५०३ |
| **बाँकी मौज्दात** | | १९,२०,१२,३४४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १२ वडा, ६५ सभा सदस्य, १६५वर्ग किलोमिटर क्षेत्रफल तथा ४८४५६ जनसंख्या रहेको छ | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । | |
| ३ | | | **वित्तिय विवरण** | |

| प्राप्ती भुक्तानी हिसाव | | | |
|---|---|---|---|
| विवरण | यस वर्ष रु. | | |
| | बजेट | आफैले गरेकोप्राप्ति/भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | 1129626680 | 1004758570 | 1004758570 |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | 925796271 | 833863595 | 833863595 |
| ११००० कर | 134447090 | 152383045 | 152383045 |
| १३००० अनुदान | 616162100 | 554287697 | 554287697 |
| संघीय सरकार | 543529100 | 490589348 | 490589348 |
| प्रदेश सरकार | 32633000 | 18528466 | 18528466 |
| जनसहभागिता | 40000000 | 45169884 | 45169884 |
| १४००० अन्यराजस्व | 174187081 | 126732948 | 126732948 |
| १५००० विविधप्राप्ति | 1000000 | 459905 | 459905 |
| ख. अन्य प्राप्ति | 203830409 | 170894975 | 170894975 |
| वितरण गर्न बाकीराजस्व | 0 | 0 | 0 |
| कोषहरु | 77645409 | 149758285 | 149758285 |
| धरौटी | 0 | 21136689 | 21136689 |
| संघीय, प्रदेशसरकार वा अन्य कार्यक्रम | 126185000 | 0 | 0 |
| भुक्तानी (ग+घ) | 1329805695 | 904526725 | 904526725 |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | 1125975286 | 861212052 | 861212052 |
| २१००० पारिश्रमिक / सुविधा | 254010350 | 237503395 | 237503395 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | 186936000 | 111877844 | 111877844 |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | 0 | 0 | 0 |
| २५००० सहायता (Subsidy) | 1160000 | 745000 | 745000 |
| २६००० अनुदान | 124043750 | 120721173 | 120721173 |
| २७००० सामाजिक सुरक्षा | 6438000 | 5482425 | 5482425 |
| २८००० अन्य खर्च | 955000 | 359065 | 359065 |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | 552432186 | 384523150 | 384523150 |
| घ. अन्य भूक्तानी | 203830409 | 43314673 | 43314673 |
| कोषहरु | 77645409 | 24734351 | 24734351 |
| धरौटी | 0 | 18576108 | 18576108 |
| संघीय, प्रदेशसरकार वा अन्य कार्यक्रम | 126185000 | 0 | 0 |
| कट्टी रकमभुक्तानी/दाखिला गर्न बाकी | | 4215 | 4215 |
| ङ. यो वर्षको बचत (न्युन) | -200179015 | 100231845 | 100231845 |
| च. गतवर्षकोजिम्मेवारी रकम (अ.ल्या) | | 407043497 | 407043497 |
| वर्षान्तको बाकीरकम (ङ + च) | -200179015 | 507275342 | 507275342 |
| बैंक तथा नगदबाकी | | 447491862 | 447491862 |

अन्तरसरकारी वित्तिय हस्तान्तरणतर्फको आम्दानी र खर्च विवरण

| आम्दानी शिर्षक | रकम रु | खर्च।निकासा | रकम रु |
|---|---|---|---|
| सामाजिक सुरक्षा | 141657794 | सामाजिक सुरक्षा | 141657794 |
| स्थानीय पुर्वाधार साझेदारी | 6819750 | स्थानीय पुर्वाधार साझेदारी | 6819750 |
| गरिवसँग विश्वेश्वर | 520000 | गरिवसँग विश्वेश्वर | 520000 |
| एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 1200000 | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 1200000 |
| सामाजिक विकास मन्त्रालय | 2490000 | सामाजिक विकास मन्त्रालय | 2490000 |
| शिक्षा विकास निर्देशनालय | 1000000 | शिक्षा विकास निर्देशनालय | 1000000 |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | 43000 | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | 43000 |
| जम्मा | 153730544 | जम्मा | 153730544 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणको क्रममा विद्यालय वढी निकास रु१०००००।०० र ढिला राजश्व हर्जना वापत रु १४३२१।०० गरी जम्मा रु११४३२१।०० असुली भई दाखिला भएको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वित्तिय विवरणः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरूप)म=ले=प=फा= नं= २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>· स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन। जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।<br>· एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।<br>· स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यस वाट प्राप्त वित्तिय प्रतिवेदन (म=ले=प=फा= नं= २७२) मावैंक मौज्दात रु ४४७४९९८६१।६८ देखिएको तर वास्तविक वैंक मौज्दात रु १९२०१२३४४।१६ भएकोभनि प्रमाणीत विवरण पेश भएको छ।<br>· पालिकाको रु ५६७९९६२१-६८ विभाज्य कोषबाट आन्तरिक राजश्व खातामा जम्मा भएको देखिएकोले यस सम्बन्धमा एकिन गर्नुपर्ने देखिन्छ।<br>· आ व २०७६।०७७ को संचित कोष रकम आन्तरिक राजश्व खातामा आम्दानी नदेखिएकोले यस सम्बन्धमा एकिन गर्नुपर्ने देखिन्छ।<br>· पालिकाको ग ७ २ प्रकोप व्यवस्थापन कोष खाताको बैंक नगदि किताव र बैङ्क खातामा मौज्दात रु २२१२०५१५।४२ देखिएकोमा आ व २०७८।७९ रु ३६१०३०४।२१ अ ल्या गरिएको देखिएकोले यस सम्बन्धमा एकिन गर्नुपर्ने देखिन्छ।<br>यसर्थ तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>· पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नोअधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>· मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 7(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शिर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>· निजामती सेवा ऐन, 2049दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहलेनियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,<br>· स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाईतोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यानदिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **क्षेत्रगत वजेट र खर्चः**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४५१८७००० | ३०८८०४०१ | ६८ |
| सामाजिक क्षेत्र | १४९४४३२१९ | ९३८९९३८१ | ६२ |
| पूर्वाधार विकास क्षेत्र | ३६२८१०९६७ | २५०५१३७५४ | ६९ |
| वातावरण तथा विपद् व्यवस्थापन | २५२७५००० | २१४८१३६१ | ८४ |
| संस्थागत विकास र सेवा प्रवाह | १४२४०००० | ९१३७७४९ | ६४ |
| वित्तीय व्यवस्थापन र सुशासन | ७६०००० | ३६०००० | ४७ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १२५८३०००० | १०६७३८०५६ | ८४ |
| जम्मा | ७२३५४६१८६ | ५१३०१०७०३ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>

**चौमासिक पुँजिगत खर्चः**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।कुल खर्च मध्ये असारमा मात्र रु १७५३५०६७६।००खर्च भएको विवरण पेश भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

<table>
<tr><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th></tr>
<tr><td>पूँजीगत खर्च</td><td>३५०७८४७५१</td><td>४७००९३८९</td><td>६६७६३१५६</td><td>२३७०१२२०५</td><td>१७५३५०६७६</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>१३</td><td>१९</td><td>६८</td><td>१३</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>

**सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा प्रयोगमा नआएकोः**

पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(**PAMS**) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।

</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>

**न्यायिक समितीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ५०र यो बर्ष थप भएको २९गरी कुल ७९विवाद दर्ता भएकोमा १६वटा मात्र फछ्र्यौट भई ६३ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **कानुन निर्माणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १३ ऐन, १० नियमावली, १७कार्यविधि र ५ निर्देशिका निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १२ | | | **सेवा प्रवाहः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता तथा दर्ता १११४वटा, मृत्युदर्ता ४२० वटा, नाता प्रमाणित ११६५वटा, घरवाटो शिफारिश १८७९वटा, नागरीकता शिफारिश १५१६वटा वसाइसराइ १०० र अन्य ११९२२वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेखआदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथामापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ | |
| १३ | | | **कर्मचारी प्रोत्साहान तथा करार कर्मचारी** | |
| १३.१ | | | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्षसम्पुर्ण कर्मचारीलाइ खाजा भत्ता भनि मासीक रु २००० को दरलेवार्षिक रु २३१९११०। भुक्तानी दिएको देखियो । प्रोत्साहन वापत खाजा भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ।<br>**करारका कर्मचारीलाइ अतिरिक्त सुविधाः** साविक सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्राअनुसार सेवा करारमा कार्यरत स्वीकृत दरवन्दी भित्रका कर्मचारीलाइ शुरु तलव, पोषाक तथा चाडपर्वको रकम मात्र दिन मिल्ने उल्लेख गरेको छ । कार्यालयले करार सेवामा कार्यरत कर्मचारीलाइ शुरु तलव स्केलका अतिरिक्त महंगी भत्ता समेत दिएको देखिन्छ भने मासीक २०००। को दरले वार्षिक रु ७६८०००। खाजा भत्ता वापत समेत भुक्तानी गरेको देखिन्छ । उक्त रकम नगरपालिकाको निर्णय अनुसार भुक्तानी भएको देखिन्छ । कानुनी आधार वेगर पटके निर्णयका आधारमा यसरी भत्ता दिनु नियमसंगत देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.२ | | | **स्वीकृत दरवन्दी वाहिर करार सेवाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धिआदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ । स्वीकृत दरवन्दी भन्दा वाहिरका प्रेस सल्लाहकार लगायतका कर्मचारी राखी देहायअनुसार खर्च लेखेको छ । स्वीकृत दरवन्दी विपरितको पद सिर्जना गरी खर्च लेखेको उक्त रकम कानून विपरित भएकोले स्थानीय सरकारलाई थप व्ययभार परेको रु..<br><br>विवरण — रकम<br>प्रेस सल्लाहकारको रुपमा विनोद ढुंगानालाइ राखी मासिक रु १५०००। को दरले भुक्तानी — १९५०००<br>प्रेस सल्लाहकारको रुपमा उपेन्द्र खनाललाइ राखी मासिक रु १५०००। को दरले भुक्तानी — १९५०००<br>कानूनी सल्लाहकारको रुपमा चेतनारायण पौडेललाइ राखी मासिक रु २००००। को दरले भुक्तानी — २६००००<br>जम्मा — ६५०००० | ६५०,००० |
| १४ | | | **कर्मचारी कल्याण कोषः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१० लाख ट्रान्सफर गरेको छ । तर १० प्रतिशतले हुन आउने रकम नराखेको कारण त्यस कोषमा कार्यालयको मात्र योगदान देखिएको छ । कार्यालयको योगदान मात्र राखी कल्याण कोष खडा गर्नु उचित देखिएन । कोषको संचालन सम्बन्धी पालिकाबाट एक निर्देशिका तयार भएको जानकारी प्राप्त भएतापनि लेखापरीक्षणको क्रममा उक्त निर्देशिका प्राप्त भएन । ऐनमा भएको व्यवस्थाको विपरीत कर्मचारीले खाईपाई आएको १० प्रतिशत रकम नपठाइ कल्याण कोष सञ्चालन गर्नु उचित देखिएन । कानूनमा भएको उपरोक्त व्यवस्थाको पालना गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **योगदानमा आधारित निवृतीभरण रकममा योगदान नभएको:** निवृतीभरण कोष ऐनको २०७५ को दफा १० मा कार्यालयले कर्मचारीको मासिक तलववाट ६ प्रतिशत रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फवाट सत प्रतिशत रकम थप गरी निवृतीभरण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले यस वर्ष १० जना कर्मचारीको लागी कार्यालयको दिर्घकालिन दायित्व कम गर्ने भनी कर्मचारीको योगदान विना नै छुट्टै खाता खोली रु. ५ लाख जम्मा गरेको छ भने कोष सञ्चालन गर्ने सम्वनधमा कुनै कार्यविधी तथा कानुन निर्माण गरेको छैन।कार्यालयले कर्मचारीको योगदान समेत हुने गरी योगदानमा आधारित निवृतीभरण कार्यन्वयन गर्नुपर्दछ। | |
| १६ | | | **योजना छनौट तथा कार्यन्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र सं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | १५२ | १२६३०११३. |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | २६३ | ७८८८५७४३. |
| ३ | रु ५ लाख एक देखि १० लाख सम्मका योजना | ८३ | ६६७३४७४०. |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ४८ | ९१४७९४२८. |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | २ | १६६५०५४२. |
| | जम्मा:- | ५४८ | २६६३८०५६६. |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **शिर्षक फरक पारी खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शिर्षकमा गर्नुपर्ने उल्लेख छ।नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले पौषको गाउँसभामार्फत रकमान्तर गरी तपसिल वमोजिमको रु ९३२३३२।०० रकम शिर्षक फरक पारि खर्च लेखेको छ। अत विनियोजित वजेट खर्च गर्दा शिर्षक फरक परेको अनियमित देखिएको रु | ९३२,३३२ |

| भौ नं | कायम खर्च शिर्षक | खर्च गरेको शिर्षकको।कार्यक्रमको नाम | खर्च रकम |
|---|---|---|---|
| ४७५ | योजना अनुगमन | विश्व हिन्दु महासंघलाई वडावाट रकमान्तर गरी भुक्तानी | ५०००० |
| ६०३ | साना घरेलु उद्योगलाई प्रोत्साहन | खानेपानी योजना | ९२३३६ |
| ८६८ | अव्यवस्थित वसोवास | वडा कार्यालय सामाग्री खरिद | ७६६९९ |
| ८९० | युवा लक्षित कार्यक्रम | अफिस फर्निचर खरिद वाड नं ७ | २५०८६० |
| ८९४ | विद्यालयका असल अभ्यास पहिचान कार्यक्रम | जिल्ला स्तरीय राष्ट्रपती रनिङ शिल्ल विविध खर्च | १५०४१० |
| ९१८ | आधारभुत स्वास्थ्यकेन्द्रका कर्मचारीको तलव | विभिन्न सामाग्री खरिद | ९३६२७ |
| ५८४ | सिप विकास तालिम | विभिन्न ६ क्लवको खेलकुद तथा कार्यक्रम सहयोगार्थ | ११८४०० |
| ६१३ | वालवालिका क्षमता विकास कार्यक्रम | खेलकुद सामाग्री खरिद | १००००० |
| | जम्मा | | ९३२३३२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **खाना खाजा तथा विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्षविविध शिर्षकवाट ५३ लाख ५९ हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानाकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>
क्षेत्राधिकार वाहिर दायित्व सिर्जना गरी भुक्तानीः<br>
आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा अधिकार प्राप्त अधिकारी वाहेक अरु कसैले पनि वजेट खर्च गर्ने आदेश दिन वा खर्च स्विकृत गर्नु नहुने तथा नियम ३९(३) मा कार्यालयले सरकारी रकम खर्च गर्दा अधिकारप्राप्त अधिकारीवाट स्वीकृती गराई खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाको नगरपालिका चालुतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भुक्तानी अधिकारप्राप्त अधिकारीवाहेक अन्य पदाधिकारी तथा कर्मचारीले आर्थिक दायित्व सिर्जना हुने गरी सम्झौता गरी भुक्तानी गरेको देखिन्छ।अधिकारप्राप्त अधिकारीभन्दा अन्य पदाधिकारी तथा कर्मचारीले आर्थिक दायित्व सिर्जना गरी भुक्तानी गर्ने प्रवृतीमा नियन्त्रण गर्नुपर्दछ।केही उदाहरण निम्नानुसार रहेका छन।
<table>
<tr><th>भौचर नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१६</td><td>वडाअध्यक्षद्धारा सम्झौता गरी सरसफाई कर्मचारीको भुक्तानी</td><td>७२१००</td></tr>
<tr><td>७८</td><td>वडाअध्यक्ष वाट सम्झौता गरी सन्देशमुलक जानकारी प्रशारण गरी भुक्तानी</td><td>१०००००</td></tr>
<tr><td>३६५</td><td>वडाअध्यक्षवाट सम्झौता गरी पुन मगर समाजको फर्निचर खरिदको विल भुक्तानी</td><td>७५०००</td></tr>
<tr><td>४०५</td><td>पतञ्जली योग केन्द्रलाई विभिन्न कार्यक्रमको विल भुक्तानी</td><td>१४७०००</td></tr>
<tr><td>९०५</td><td>पतञ्जली योग समिती शुक्लागण्डकी ८ लाई भुक्तानी</td><td>१०००००</td></tr>
<tr><td>४५८</td><td>वडाअध्यक्ष र गण्डकी टेलिभिजन विच वडाका गतीविधी प्रशारण गर्ने सम्झौता गरी भुक्तानी</td><td>२०००००</td></tr>
<tr><td>५९७</td><td>वडासचिव र परामर्शदाता विच सम्झौता गरी फोर जी इन्जिनियरिङ प्रा लि लाई भुक्तानी</td><td>४९०४२०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **अनुगमन तथा भ्रमण खर्चः**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.२२ लाख ८१ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| २१ | | | **गौशाला संरक्षण समितिलाइ भुक्तानीः**<br>नगरपालिकाको वार्षिक कार्यक्रम अनुसार गौशाला संरक्षणको लागि वजेट व्यवस्था भइ हेरालु लगायत क्षेत्रमा खर्च गरेको छ ।कार्यालयले मासिक रुपमा रु. १९४८०।०० तलव भुक्तानी गर्ने गरी २ जनालाई वार्षिक तलव वापत रु.४६७५२०।०० खर्च लेखेको छ भनै भौचर नं १४७,४३७ र ९२३ वाट पराल खरिद गर्न रु. ६५००००।०० भुक्तानी दिएको देखिन्छ।पालिकाले कार्यालयको कार्य भन्दा असम्वन्धित कार्यमा मासिक रुपमा तलव भुक्तानी गर्ने गरी खर्च गर्ने प्रवृतीमा नियन्त्रण गर्नुपर्दछ। | |
| २२ | 546 | २०७८-३-४ | **नाफामुलक सस्थालाई अनुदानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जस अनुसार नाफा कमाउने उद्धेश्यले स्थापना भएको संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन।उपलब्ध गराउने अवस्था भएमा सार्बजनिक रुपमा नि:शुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने पक्षको सुनिश्चित हुनुपर्दछ ।यस पालिकाले यो वर्ष कार्यालय व्यवस्थापन तथा फनिर्चर कम्प्युटर खरिद गर्न नाफामूलक संस्था खैरेनीटार महिला विकास वहुउद्वेश्यिय सहकारी सस्था लिमिटेडलाई रु.१५०००००।०० अनुदान उपलब्ध गराएको देखिन्छ। वितरणमुखी अनुदानमा नियन्त्रण गरी उत्पादन र उत्पादकत्व वृद्धि हुने क्षेत्रमा लगानी बढाउनु पर्नेमा नाफामुलक संस्थालाई उपलब्ध गराईएको अनुदान अनियमित देखिएको रु<br>यस सम्बन्धमा अनुदानग्राहि संस्थाबाट प्रदान गरिने सेवामा नि:शुल्क वा न्यून शुल्कको सुनिश्चित नहुनुका साथै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सेवाग्राहिले लाभ प्राप्त गर्ने अवस्था देखिदैन।यस बहुउद्येश्यीय सहकारी संस्थाले विभिन्न सप्लार्यसबाट कोटसन प्रस्ताव माग गरी खरिद कार्य गरेबाट खरिद प्रक्रिया प्रतिस्पर्धि र मितव्ययी नभएको देखिन्छ।साथै तोकिएको परिमाण र गुणस्तरमा सामग्री खरिद भए वा नभएको सम्बन्धमा यस नगरपालिकाबाट अनुगमन भएको छैन। यसरी ऐनको व्यवस्था प्रतिकुल हुने गरी भएको खर्च नियमसम्मत देखिएन। | १,५००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **मेयरकप भलिवल प्रतियोगिताः**<br>**बिनियोजनभन्दा वढी खर्च**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट स्वीकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ ।पालिकाले मेयर कप खेलकुद प्रतियोगिताको लागी १० लाख विनियोजन गरेकोमा देहावमोजिम विनियोजन रकमको करिव ३ गुणा वढी रु.२९८५३४५।०० खर्च गरेको देखिन्छ।पालिकावाट विनियोजित युवा तथा खेलकुद शिर्षकमा रु.७८६१६९२।०० खर्च भएको र पुन मेयरकप भलिवल कार्यक्रममा विनियोजन रकमभन्दा ठुलो रकम खर्च भएकोमा सामग्री खरिद, खाजा खाना आदिमा खर्चमा नियन्त्रण गर्न सकिनेमा उक्त काम गरेको देखिएन।कार्यक्रममा खरिद गरिएको विभिन्न सामाग्रीहरु तथा कपडाहरुको जिन्सी दाखिला र वितरणको भरपाई नभएको तथा कार्यक्रम पश्चात कार्यालयमा समेत दाखिला भएको देखिदैन।यस सम्वन्धमा कार्यालयमा छलफल गर्दा वढी खर्च भएको रकम नगरसभावाट विभिन्न शिर्षकवाट खर्च लेख्ने निर्णयअनुसार फरक फरक शिर्षकवाट खर्च लेखिएको देखिन्छ।यसरी विभिन्न शिर्षकवाट विनियोजित वजेटभन्दा वढी खर्च लेखेको रकम अनियमित देखिएको रु | १,९८५,३४५ |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ४०८ | पुरस्कार तथा रेफ्री खर्च | ६८९९९५ |
| ५४० | विभिन्न सामाग्री खरिद | ७०४७१ |
| ६२५ | टेन्ट लगायत अस्थायी प्याराफिट | ५६७५४२ |
| ६२८ | प्रचार प्रसार विभिन्न मिडिया भुक्तानी | २७००० |
| ६२९ | उद्घाटन तथा समापन समारोह खाना खाज विविध खर्च | ५२५६९४ |
| ६३० | सामाग्री खरिद वापत विभिन्न संघ सस्थालाई भुक्तानी | ३९२४२२ |
| ६३३ | विभिन्न छपाई | ११८००० |
| ६३७ | पञ्चेवाजा | २३५०० |
| ६४७ | विभिन्न कपडा जर्सी ट्याकसुट झण्डा | २५६६९५ |
| ६५६ | अतिथी सत्कार | २१८७५ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ६९९ \| विविध खर्च \| ४७५०<br>७८८ \| छपाई सम्वन्धी ढोर वाराही प्रिन्टीङ सोलुशनलाई \| २५३००<br>८४७ \| विभिन्न भुक्तानी \| ९३९२३<br>८४९ \| विभिन्न सप्लायर्सलाई भुक्तानी \| २३२४५<br>८६७ \| खाना खाजा \| १७८७०<br>९१६ \| वल नेट तथा पम्पको नासो फेन्सीलाई भुक्तानी \| १९८००<br>१०१५ \| मेयरकप विविध खर्चको रकम \| १०७२६३<br>\| जम्मा \| २९८५३४५ | |
| २४ | | | **स्वास्थ्य विमा वापतको रकम भुक्तानीः**<br>स्वास्थ्य विमा नियमावली २०७५ को नियम १६ मा स्वास्थ्य विमा वापतको योगदान रकम नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय सरकारद्धारा व्यहोर्ने योगदान रकमको वारेमा व्यवस्था रहेको छ। जसअनुसार अति गरिवको परिचयपत्र प्राप्त परिवारको शतप्रतिशत अपाङ्ग तथा जटिल प्रकृतीका विरामिका परिवारको शत प्रतिशत ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको शत प्रतिशत र महिला स्वंयमसेविका संलग्न भएको परिवारको ५० प्रतिशत रकम वयर्होने व्यवस्था भएकोमा पालिकाले उल्लेखित कुराको एकिन नगरी वडावाट वजेट विनियोजन गरी वडा नं १० मा भौचर नं २३१ र ४८१ वाट ४१ परिवारको स्वास्थ्य विमा प्रिमियम वापत रु.१४७०००।०० तथा वडा नं ९ मा भौचर नं ६३६ वाट रु १०८५०० गरी कुल जम्मा रु.२५५५००।०० खर्च लेखेको छ। कार्यालयले कानुनमा उल्लेखित मापदण्डको पालन गरी खर्च लेखाङ्कन गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | 555 | २०७८-१-२९ | **पदाधिकारी पोषाक भत्ताः**<br>गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा पाउने सुविधाको व्यवस्था रहेको तथा दफा १४ मा पदाधिकारीले यस ऐनले निर्धारण गरेको वाहेक अन्य सुविधा नपाउने व्यवस्था रहेकोमा पालिकामा न्यायिक समितीको पोषक वापतको रकम भनी प्रतिव्यक्ती मु अ कर समेत रु.१०५००।०० का दरले ४ जनालाई पोषाक उपलव्ध गराई दिपक सटिङ सुटिङ एण्ड ड्रेस हाउसलाई भुक्तानी गरेको देखिन्छ।यसरी नियम विपरित भुक्तानी भएको पोषाक वापतको रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु... | ४१,९९९ |
| २६ | | | **अन्य कार्यालयको खर्चः**<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७५ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले खर्च गर्नुपूर्व उक्त जिम्मेवारी आफ्नो कार्य क्षेत्रभित्रको हो होइन यकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले खर्च गर्दा गुणात्मक प्रतिफल आउने कृयाकपालहरुमा खर्च गर्न अग्रसर हुनुपर्दछ। यस पालिकाले सो कुरा बिचार नगरी तपशिल बमोजिम आफ्नो क्षेत्राधिकार भित्र नपर्ने सरकारी निकायको खर्च लेखेकोले नियमसम्मत मान्न सकिदैन।कार्यालय भन्दा अन्य सार्वजनिक निकायलाई सोही कार्यालयवाट वजेट व्यवस्था हुने तथा खर्चको अख्तियारी समेत प्रदान हुने भएकोले पालिकाले अन्य कार्यालयको खर्चमा नियन्त्रण गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| २७ | | | **आर्थिक सहायताः**<br>सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति | |

| भौ न मिति | खर्च गरिएको निकाय | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १२१ २०७७।०८।२१ | ईलाका प्रहरी कार्यालय बेलचौतारा | कम्पाउण्डवाल निर्माण | ५६४७३१ |
| १८३ २०७७।१०।०७ | ईलाका प्रहरी कार्यालय बेलचौतारा | कम्पाउण्डवाल निर्माण | ४१०२६८ |
| ४८५.२०७८।०२।२० | गण्डकि प्रदेश दंगा नियन्त्रण गण | ग्राउण्ड सम्याउने कार्य | ३४१२६० |
| | जम्मा | | १३१६२५९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वा संस्थालाई दोहोरो सहायता उपलब्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु.६८२२०२।०० आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधिको पालना नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा समेत सहायता दिएको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायताएंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौतीगर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।पालिलकाको समानिकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आ= व= मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्। | |

| गो भौ न र मिति | आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम | सहायता रकम |
|---|---|---|
| ७९।०७७।७।३ | विभिन्न राहात कार्यक्रम | २५००० |
| ८३।०७७।०७।०३ | राहात कार्यक्रम जस्तापाता वितरण वडा नं १२ | १३५५८० |
| ४३१।०७७।१२।२३ | वडा नं १ वाढी पिडितलाई पाइप तथा सिमेन्ट वितरण | ८५२०२ |
| ८२०।०७८।३।२१ | वडा नं १२ विपन्न राहात कार्यक्रम | १३६४२० |
| ९८२।०७८।३।२९ | पञ्चेवाजा खरिद वडा नं ३ | १००००० |
| ९८४।०७८।०३।२९ | वडा नं ८ मा राहात वितरण प्रतिव्यक्ति १०००० का दरले | २००००० |
| जम्मा | | ६८२२०२ |

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>खर्चका विल भरपाई नभएकोः<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ५७(१) मा सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले देहावमोजिम खर्च लेखि भुक्तानी गरिएकोमा खर्चलाई पुष्टि गर्ने विल भरपाई पेश नभएकोले खर्च पुष्टी गर्ने विल भरापई पेश गर्नुपर्ने रु....
<table>
<tr><td>भौ नं</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>७०२।२०७८।०३।१३</td><td>जाली खरिद गरी वितरण गरिएको</td><td>१५००००</td></tr>
<tr><td>७६१।२०७८।०३।१६</td><td>खोप क्लिनिक वापतको आतेजाते खर्च २२ जनालाई</td><td>१४६०००</td></tr>
<tr><td>७९६।२०७८।०३।१८</td><td>च्याउ खेती तथा टनेल व्यवस्थापन खर्च</td><td>४३०३५</td></tr>
<tr><td>४१२।२०७७।१२।१७</td><td>सामुदायिक विद्यालयमा सेनिटाइजर मेखिन खरिद वितरणको भरपाई नभएको</td><td>१०००००</td></tr>
<tr><td>१०११।०७८।०३।३०</td><td>कृषि उपजको विक्रिमा प्रतिकेजी ४ का दरले अनुदान दिएकोमा कृषि उपज विक्रि गरेकव प्रमाण पेश नभएको</td><td>२०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६३९०३५</td></tr>
</table></td><td>६३९,०३५</td></tr>
<tr><td>२९</td><td>159</td><td>२०७७-८-२९</td><td>लागत अनुमान र प्राविधिक मूल्यांकन वेगर भुक्तानीः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौता अनुसार सार्वजनिक निकायले बील वा बिजकको भुक्तानी गर्दा शर्त बमोजिम प्राविधिक नाँप जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा वडा नं ६ को विभिन्न वाटोहरु वर्षातको समयमा सरसफाई गरेको भनी सापकोटा निर्माण सेवालाई रु.३७७२२७।०० वि डी निर्माण सेवा एण्ड सप्लायर्सलाई रु.५७२०२।०० र श्री ए कन्ट्रक्सनलाई रु. २६००१।०० गरी जम्मा रु.४६०४३२।०० भुक्तानी गरेकोमा खर्चलाई प्राविधिक मुल्यांकन तथा नापी किताव पेश गर्नुपर्ने रु...</td><td>४६०,४३२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **असम्वन्धित क्षेत्रमा खर्चः**<br>पालिकाले खर्च गर्दा सार्वजनिक हित हुने कार्यमा र कार्यालयको कामकाज संग सम्वन्धित क्षेत्रमा मात्र खर्च गर्नुपर्दछ। पालिकाले भौ नं ५१८।२०७८।०१।१४ वाट ग्रामिण सामुदायिक उपभोक्ता समितीलाई रु.१०००००।०० को विद्युत सामाग्री खरिदको विल भुक्तानी गरेको छ भने भौ नं६९० वाट प्राविधिक धार नभएको विद्यालयलाई प्राविधिक तथा व्यवसायिक सिप सिकाई वापतको कक्षा सञ्चालन गर्न भनी जनप्रेमी मा वि लाई रु.३०००००।०० भुक्तानी गरेको देखिन्छ।विद्यालयमा प्राविधिक कक्षा सञ्चालन नभएको र नियमित रुपमा तोकिएको विषयको मात्र विषयविज्ञवाट कक्षा सञ्चालन हुने अवस्थामा छुट्टै कक्षा सञ्चालन गर्ने भनी अनुदान निकासा गर्नु तथा पालिकाको स्वामित्वमा नरहेको र निशुल्क रुपमा विद्युत सेवा उपलव्ध नगराउने सस्थालाई विद्युत सामाग्री खरिदको विल भुक्तानी गरी खर्च लेखेको रकम अनियमित देखिएको रु..... | ४००,००० |
| ३१ | | | **औषधी खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ।तर स्थानीय तहले उक्त प्रक्रिया वेगर विभिन्न सप्लायर्सवाट रु.२०८७४६३।०० औषधि सोझै खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>· खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको<br>· आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको<br>· आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।<br>· औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको<br>· औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको<br>· तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **उपभोक्ता समितीवाट खरिदः**<br>सार्वजनिक खरिद नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै पनि निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरवाट गराउन नमिल्ने व्यवस्था भएकोमा पालिकाले भुजिकोट चट्याङ न्युनीकरण कार्यको लागी उपभोक्ता समिती गठन गरी उपभोक्ता समितीमार्फत इलेक्स इन्जिनियरिङ कम्पनी प्रा लि वाट सामाग्री खरिद गरी सोहि सप्लायर्सलाई नै पालिकाको चालुतर्फको भौ नं ९३३ वाट ५०००००।०० र प्रकोपतर्फको भौ नं २२१ वाट रु.३०७९५०।०० गरी कुल ८०७९५०।०० भुक्तानी दिएको देखिन्छ।साथै सामाग्रीको लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन समेत सप्लायर्सकै विलकै आधारमा तयार गरी भुक्तानी दिएको पाइयो।यसरी कार्यलयवाट सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम लागत अनुमान तयार गरी प्रतिष्पर्धात्मक तवरले खरिद गरी उपभोक्ता समितीलाई सामाग्री उपलव्ध गराउनुपर्नेमा उपभोक्ता समिती गठन गरी सप्लायर्सलाई भुक्तानी गरेको रकम अनियमित देखिएको रु. | ८०७,९५० |
| ५८ | | | **शीतघर निर्माणमा ढिलाई**<br>संझौताबमोजिमको समयमा निर्माण कार्य सम्पन्न गर्नु पर्दछ । संघीय हस्तान्तरित कार्यक्रमबाट वडा नं.८ मा १ घनमिटरमा ७८०० केजी अट्न सक्ने २०० मेट्रिक टन स्टोर क्षमता भएको कोलस्टोर निर्माण गर्नको लागि लागत अनुमान सिभिल वर्क तर्फ रु. १९८३०८०१।१८ र मेकानिकल वर्क तर्फ १०६५६६९३। २६ गरी जम्मा रु. ३०४८७४९५।०७ रहेको निर्माण कार्यको लागि श्री जयनेपाल ईश्व÷ सीता जेभी कास्की सँग रु.२०४९५६३६। (मुल्य अभिवृद्धि कर बाहेक) कवोल अंकमा २०७८।९।३० मा सम्पन्न गर्ने गरी २०७७।१२।१९ मा संझौता गरेको देखिन्छ । हाल सम्म ३५ लाख पेश्की प्रथम रनिङ्ग विलबाट रु.५२३८९०३। भुक्तानी भएकोछ । २०७८ पुष अन्तिम हप्ता फिल्ड भिजिट गर्दा सिभिल वर्क तर्फ पनि पुर्ण रुपमा काम भईनसकेको देखिन्छ । कार्यसम्पन्न म्याद समाप्त हुदा समेत कार्यको प्रगती सन्तोषजनक देखिएन । समय मै कार्यसम्पन्न नहुदा स्थानीय नागरिकको उत्पादन भण्डार सेवा सुविधा सम्बन्धि डिपिआरमा उल्लेखित लाभ लिन सक्ने देखिएन । शिघ्र कार्यसम्पन्न गर्ने तर्फ पहल गर्नुपर्दछ ।<br>No description available.<br>यसको सञ्चालन तथा ब्यवस्थापन सम्बन्धमा आफै सञ्चालन व्यवस्थापन गर्ने, निजी क्षेत्रलाई ठेक्कामा दिने, नागरिक सार्वजानिक साझेदारीमा सञ्चालन गर्ने जस्ता सञ्चालन तथा ब्यवस्थापन मोडल सम्बन्धि कार्यविधी तथा दिर्घकालिन योजना तयार गरेको देखिदैन । दिर्घकालिन योजना वनाई सोही अनुसारको सेवा तथा आम्दानी हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ५९ | | | **योजना र कार्यक्रमको प्राथमिकता** | |
| ५९.१ | | | **योजना सुची तयार नगरेको:** स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (४) गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्ने व्यवस्था छ । सम्पुर्ण आयोजना तथा योजनाहरु एक वर्षे रुपमा स्वीकृत गरी कार्यान्वयन गरेको देखिन्छ भने कतिपय आयोजनाहरु आर्थिक वर्षमा नसकिएकोमा अर्को वर्षमा सारी क्रमागत योजना भनी कार्यान्वयन गरेको पाईन्छ । स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउने सन्दर्भमा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेमा सो गरेको पाईएन । मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची बनाई विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास तथा कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.२ | | | **योजना तर्जुमा तथा कार्यान्वयन** दफा २४ (३) मा गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त, गर्न सकिने आम्दानी र रोजगार बढ्ने, लागत सहभागिता जुट्ने, स्थानीय श्रोत साधन र सीपको प्रयोग, समावेशी विकासमा योगदान, दीगो विकास र वातावरणीय संरक्षण, स्थानीय भाषिक, सांस्कृतिक विकास जस्ता विषयलाई प्राथमिकता दिनु पर्ने ब्यवस्था छ । सो कुरालाई मध्यनजर गरी आयोजना प्राथमिकता गरेको पाईएन । कानुनमा भएको ब्यवस्था परिपालना गरी दिगो विकास तथा गरिवी निवारणमा सहयोग पुग्ने आयोजना प्राथमिकिकरण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **ठेक्का व्यवस्थापनमा ढिलाई**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को ८(२) (ग) मा खरिद कारबाहीको समय तालिका उल्लेख गर्नुपर्नेमा सो अनुसार उल्लेख गरेको देखिदैन । निम्नानुसारको ५० लाख भन्दा माथीको निर्माण कार्य खरिद संझौता फाल्गुण महिना पछि गरेको देखिन्छ । खरिद संझौता प्रथम चौमासिक भित्रै सम्पन्न गरी निर्माण कार्य समय तालिका अनुसार गर्नुपर्दछ ।उदाहरणको रुपमा निम्न लिखित पचास लाख माथीको ठुला ठेक्का ब्यवस्थापनलाई लिन सकिन्छ । | |

| निर्माण कार्य | संझौता मिति | सम्पन्न हुने मिति | भ्याट सहित लागत अनुमान | संझौता रकम | खर्च | कैफिएत |
|---|---|---|---|---|---|---|
| कृषि उपज संकलन केन्द्र, वडा नं. ५ | २०७७।८।२६ | २०७८।३।१५ | १२९०७०३२।५९ | ८५७६८१६।५३ | ३७१२००० | क्रमागत म्याद थप |
| जरेवर हुदै नाम्सिकोट अलैचे सडक स्तरोन्नती | २०७७।८।२६ | २०७८।३।१५ | १००२१३५६।०५ | ५८८२९१८।१२ | २१८३७३२।५१ | क्रमागत म्याद थप |
| कोलस्टोर निर्माण वडा नं ८ | २०७७।१२।१९ | २०७८।९।३० | ३०४८७४९५।०७ | २३१६००६८।६८ | ५२३८९०३ | ३५ लाख |
| वडा कार्यालय भवन वडा नं ५ | २०७७।८।२६ | २०७८।३।१५ | ५९८२८१०।०६ | ४४१७५११।१५ | २४८९९५२।८८ | क्रमागत म्याद थप |
| वडा कार्यालय भवन वडा नं ५ | २०७७।८।२६ | २०७८।३।१५ | ५९८२८१०।०६ | ४४१७५११।१५ | २६७७६०४।९१ | क्रमागत म्याद थप |
| दुलेगौडा लामागाँउ मोटर स्तरोन्नती | २०७७।८।२६ | २०७८।३।१५ | ७८६९२४३।८८ | ४९०६४४७।८७ | २४९१२३४।०१ | क्रमागत म्याद थप |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **बिल विजक वीना भुक्तानी**<br>सार्वजानिक खरिद ऐन, २०६३ को दफा ५७ मा सार्वजानिक निकायले बिल बिजकको भुक्तानी खरिद सम्झौताको अधीनमा रही तोकिए बमोजिम दिनु पर्ने ब्यवस्था छ । कार्यालयले देहायअनुसार ल्यावटेष्टको भुक्तानी गरेकोमा ल्यावटेष्टको प्रमाण राखेपनि उक्त खर्चका विल विजक वेगर रकम भुक्तानी गरेको देखियो । प्रोभिजनल सम अन्तर्गतका आइटमको विल वेगर रकम भुक्तानी दिन नमिल्ने भएकोले उक्त रकम असुल गर्नुपर्ने रु ५६१०४ | ५६,१०४ |

| गो भौ नं | निर्माण कार्य | निर्माण सेवा | विजक वेगरको भुक्तानी रु |
|---|---|---|---|
| १६ | वडा नं ८ को स्वास्थ्य सेवा केन्द्र निर्माण | अन्वेषण कन्सट्रक्सन | २८०५२। |
| १९ | वडा नं ९ को स्वास्थ्य केन्द्र निर्माण | अन्वेषण कन्सट्रक्सन | २८०१५। |
| | | जम्मा | ५६१०४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **परामर्शदाता प्राविधिक पक्षको मूल्यांकन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ र १२ मा क्रमशः परामर्शदाताको आर्थिक प्रस्तावको मूल्यांकन पूर्व प्राविधिक प्रस्तावको मूल्यांकन गर्ने र उक्त मूल्यांकनमा पास भएका प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोल्नुपर्ने तथा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको अन्य निकायले तयार पारेको नर्म्स आदि कुरालाई कुरालाई आधार मानी लागत अनुमान तयार पार्नुपर्ने व्यवस्था छ।पालिकाले १५ शैया अस्पतालको डि पि आर गर्ने प्रस्ताव सम्वन्धी कागजातमा परामर्शदाताको छनौट गर्न अंकभार उल्लेख गर्दा सार्वजनिक निकायले टिम लिडरको योग्यता र अनुभवमा सिभिल इन्जिनियरमा मास्टर डिग्रि हासिल गरेको १० बर्षको अनुभव भएमा ३ अंक दिने गरी प्रस्ताव गरिएकोमा प्रस्तावदाता नमस्ते इन्जिनियरिङ कन्सल्टेन्सीको टिम लिडरको मास्टर डिग्री सन् २०२२ मा मात्र १० वर्ष पुग्नेमा मुल्यांकनमा ३ अंक नै दिई मुल्यांकन गरेको देखिन्छ। प्रविधिक मुल्याकनमा समावेश दुई फर्मले ६९।५अंक प्राप्त गरेको छ। यसरी प्राविधिक मुल्यांकनमा पुरा अंक प्राप्त नगर्ने परामर्शदातालाई पुर्ण अंक दिई पास गरेको कारण अल्टरनेटिभ इन्जिनियरिङ्ग कन्सल्टेन्सिको टिम लिडर २०१० मा मास्टर डिग्री हासिल गरेकोले अनुभव तथा योग्यता भएपनि प्राविधिक मुल्याकनमा दुवै फर्मले समान अंक ६९।५ दिएको देखिन्छ । यसरी प्राविधिक मुल्यांकनमा दोस्रो भएको नमस्ते इन्जिनियरिङ्ग कन्सल्टेन्सिलाई पहिलो वनाई प्राविधिक प्रस्तावको मुल्यांकन गर्नु उचित देखिएन ।यसले परामर्शदाता छनौटमा असर पुग्ने देखिदा आगमी दिनमा यस सम्बन्धमा ध्यान जानुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **मेसिनले बाटो खनेकोमा ब्याक फिलिङ काममा मानिसको दररेट:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गराएका केहि सडक योजनाको नमुना छनौँट गर्दा तपशिल बमोजिमका योजनामा मेसिन प्रयोग गरी बाटो खनेकोमा ब्याक फिलिङ काममा मानिस प्रयोग गरेको देखाई भुक्तानी दिएको छ। नरम र कडा माटो खन्ने काम मेशिनवाट गर्दा ब्याक फिलिङको काम मानिस बाट नै भएको हो भन्ने स्पष्ट आधार नभएकोले मेसिनबाट नै ब्याक फिलिङको कार्य भएको प्रष्ट हुन्छ र प्राविधिक सँगको छलफलमा मेसिनद्धारा नै ब्याक फिलाङ कार्य भएको तर मेसिनद्धारा ब्याक फिलिङको देररेट विश्लेषण नरहेकोले मानिसद्धारा ब्याक फिलिङको दर प्रयोग गर्नु परेको मौखिक जानकारी प्राप्त भएकोले यस सम्बन्धमा मेसिन प्रयोगको दररेट राखि भुक्तानी हुनुपर्ने अवस्थामा मानिसवाट गरेको देखाउदा बढि भुक्तानी भएको छ। मेसिनबाट गरिएकोकाममा मानिस प्रयोग गरिएको दरले बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | ६२,६४६ |

| भौ न मिति | कामको विवरण | ब्याक फिलिङ कामको परिमाण | मुल्याङ्कन भएको दर | हुनुपर्ने दर | बढि भुक्तानी दर | बढि भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ४७.२०७७।०६।२१ | लिलाचोक जस्पुर मोटर मार्ग निर्माण | २९७.६ | १८०.२५ | ८१.६१ | ९८.६४ | २९३५५ |
| ९६.२०७७।०७।२६ | जागृति टोल नाला निर्माण | ३३७.५ | १८०.२५ | ८१.६१ | ९८.६४ | ३३२९१ |
| | जम्मा | | | | | ६२६४६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **बाटो सरसफाई तथा पहिरो पन्छाउने कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा कार्यालयले निर्माण सम्बन्धी कार्यको लागत अनुमानतयार गरी निर्माण कार्य संचालन गर्नु पर्ने व्यवस्था रहेको छ। यसनगरपालिकाले वर्षायाममा पहिरो बाट अवरुद्ध तथा क्षतिग्रस्त सडकमा पहिरो पन्छाउने कार्य विभिन्न निर्माण सेवा बाट सम्पन्न गराई विभिन्न भौचरबाट खर्च लेखेको छ। बाटो सरसफाई तथा पहिरो पन्छाउने कामको सम्बन्धमा पहिरो गएको थियो वा थिएन यकिन गर्नसक्ने कुनै प्रमाण संलग्न नराखेको, पहिरो पन्छाउने सम्बन्धमा प्राविधिक लागत अनुमान तयार नगरेको तथा काम सम्पन्न पश्चात अख्तियार प्राप्त अधिकारीबाट स्थलगत अनुगमन, प्राविधिक नापी, मुल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन विना निर्माण सेवाले जारी गरेको बिलको आधारमा भुक्तानी दिएको पाइयो। यसरी कार्य गर्दा काम गर्नु पर्ने परिमाण र काम सम्पन्न गरिएको परिमाण एकिन नहुने हुदा नियमसम्मत भएको मान्न सकिदैन। | |

| भौ न मिति | पहिरो पन्छाएको सडक खण्ड | निर्माण सेवा | भुक्तानी रकम |
|---|---|---|---|
| १४२.२०७७।०९।०३ | पालिका स्थित विभिन्न सडक खण्ड | काबिया कन्स्ट्रक्सन एण्ड सप्लार्यस | ५४९१९९ |
| १४३.२०७७।०९।०३ | पालिका स्थित विभिन्न सडक खण्ड | साखे कन्स्ट्रक्सन प्रा लि | ८००००० |
| १४५.२०७७।०९।०५ | पालिका स्थित विभिन्न सडक खण्ड | काबिया कन्स्ट्रक्सन एण्ड सप्लार्यस | २००००० |
| १४६.२०७७।०९।०५ | पालिका स्थित विभिन्न सडक खण्ड | ज्ञानदिप कन्स्ट्रक्सन प्रा लि | ८४०००० |
| १५०.२०७७।०९।०५ | पालिका स्थित विभिन्न सडक खण्ड | साखे कन्स्ट्रक्सन प्रा लि | ७९९०४० |
| १५२.२०७७।०९।०५ | पालिका स्थित विभिन्न सडक खण्ड | फुलबारी डेभलपर्स एण्ड ईन्भेस्टमेन्ट | ७९८५९८ |
| | | जम्मा | ३९८६८३७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **कार्यसम्पन्न वेगर भुक्तानी:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिकनिकायको प्राविधिक कर्मचारीले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट पेश भएको कुल खर्चको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाईन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ती तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ।तपशिल बमोजिमका निर्माण कार्य प्राविधिक लागत अनुमान तयार नगरी निर्माण कार्य शुरु भएको र अन्तिम भुक्तानीको खर्च लेख्दा अन्तिम मुल्याङ्कन, नापि र कार्यसम्पन्न प्रतिवेदन संलग्न भएको छैन।प्राविधिक लागत अनुमान तयार नगरी निर्माण कार्य गर्दा के कति परिमाणमा काम गर्नुपर्नेहो सो को एकिन सकिएन र अन्तिम मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन संलग्न नभएबाट निर्माण कार्य सम्पन्न भएको हो वा होईन एकिन गर्न सकिएन साथै निर्माण कार्य सम्पन्न नहुदै सम्पूर्ण भुक्तानी दिई योजना फरफारक गरेको देखिन्छ। यस सम्बन्धमा निर्माण कार्य सम्बन्धि लागत अनुमान, प्राविधिक मुल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु | १,२७५,९११ |

| भौ न मिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| ७५.२०७७।०७।०४ | तालखोला तथा फुस्रेखोला वडा नं १ ह्यूम पाईप राख्ने कार्य | १३५४४१ |
| १०५.२०७७।०८।०९ | खैरेनो मा बि जिप्सन व्यवस्थापन योजना | ८००००० |
| ७२८.२०७८।०३।२२ | सडक मर्मत तथा आईसोलेसन कक्ष निर्माण वडा न ९ | ३४०४७० |
| | जम्मा | १२७५९११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **पुरानो जिल्ला दररेट:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।दररेटको आधार लिदा जुन आर्थिक वर्ष योजना संचालन हुनुपर्ने हो सोहि आर्थिक वर्षको दररेट कायम गर्नु पर्ने हुन्छ। यस पालिकाले नगरपालिका भित्रका आर्थिक वर्ष २०७७/०७८ मा सम्झौता भई सम्पन्न भएका सडकको कालोपत्रे गर्ने कार्यको फाँटवारी परीक्षण गर्दा तपसिलका योजनाको सडक कालोपत्रे कार्यको प्राइमकोट र ट्याककोटको काममा आर्थिक वर्ष २०७६/०७७ को दररेट राखि खर्च लेखेको छ। दररेट फरक पारी खर्च लेख्दा बढि व्ययभार भएको रकम रु ६५४९३ असुल हुनुपर्ने रु | ६५,४९३ |

| भौ न. | योजनाको नाम | कामको विवरण | परीमाण | आ व २०७६।०७७ को दर | आ व २०७७/०७८ को दर | फरक दर | उपभोक्ता अंश | वढी रकम |
|---|---|---|---|---|---|---|---|---|
| २५३\|२०७७\| ११\|१० | जागृति मोटर मार्ग कालोपत्रे | प्राइम कोट | ५१७.६० व.मी | १५५.४८ | १३६.५ | १८.९८ | ४९१२ | ४९१२ |
| २५३\|२०७७\| ११\|१० | जागृति मोटर मार्ग कालोपत्रे | ट्याक कोट | ३८०.६२ व.मी. | १५५.४८ | १३६.५ | १८.९८ | ३६२१ | ३६२१ |
| १९३।२०७७। १०।११ | उत्तम टोल मार्ग कालोपत्र | प्राईम कोट | ३००१ व.मि | १५५.४८ | १३६.५ | १८.९८ | २८४८० | २८४८० |
| १९३।२०७७। १०।११ | उत्तम टोल मार्ग कालोपत्र | ट्याक कोट | ३००१ व.मि | १५५.४८ | १३६.५ | १८.९८ | २८४८० | २८४८० |
| | | | जम्मा | | | | | ६५४९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **बढि भुक्तानी:**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ ।लेखापरीक्षणको क्रममा नमूना छनौटको आधारमा परीक्षण गर्दा यस वर्ष संचालित निम्न योजनाको निम्नानुसार सम्झौता रकम भन्दा घटीको कार्यसम्पन्न गरेकोमा कार्यालयले भुक्तानी दिँदाघटी कार्यको आनुपातिक कट्टी गरी भुक्तानी गरेको पाइएन । नियमावलीको व्यवस्था तथा सम्झौताविपरीत उपभोक्ता समितिलाई वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | १५१,८२७ |

| भौ न | योजना/कार्यक्रम | सम्झौता लागत अनुमान | पालिका अनुदान | कार्यसम्पन्न रकम | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी उ स अंश कट्टा पछि |
|---|---|---|---|---|---|---|---|
| ५३ | भोटेपानी भित्रि मार्ग नाला निर्माण तथा कालोपत्र | १०९२५९६ | ५४६००० | १०३४६०६.०३ | १०४७६९६ | १०२१११६.१४ | २६५७८ |
| ४९५ | डुण्डुरे खोला संरक्षण योजना | १३२२७८३ | १०००००० | १२४८८३३.०६ | ९७५००० | ९४४०९५.१६ | ३०९०४ |
| ११९ | मनमोहन मोटर मार्ग | २७१२२३८.१३ | २०००००० | २३५९१७९ | १८३४००० | १७३९६५४.७७ | ९४३४५ |
| | जम्मा | | | | | | १५१८२७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **उपभोक्ता समितिबाट सडक कालोपत्रे:**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । यस अतिरिक्त सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ । यस नगरपालिकाले प्राविधिक ज्ञान र विभिन्न निर्माण उपकरण आवश्यक पर्ने सडक कालोपत्रे काम समेत उपभोक्ता समिति मार्फत सम्पन्न गराएको छ जसमा विभिन्न निर्माण व्यवसायीका उपकरण प्रयोग गरीएको छ। यसरी उपभोक्ता समितिमार्फत काम गराउदा प्रतिस्पर्धा नभई मितव्ययी नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने, पुर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउदा रोजगारी श्रृजना नहुने अवस्था देखिदा यसरी गरेको कार्य ऐनमा भएको व्यवस्थाको प्रतिकुल रहेको देखिन्छ।निर्माण कार्यको गुणस्तर र दिगोपना सुनिश्चित गर्न यस किसिमका कार्य नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ।<br><br>भौनं./मिति — निर्माण भएको कालोपत्रे सडक — लागत अनुमान<br>५१.२०७७।०६।२६ — जागृती नाला तथा बाटो पिच — १०९७८८४<br>५२.२०७७।०६।२६ — भोटेपानी भित्रि नाला निर्माण तथा कालोपत्रे — १०९२५२७<br>७८.२०७८।०७।०५ — मनकामना मार्ग नाला निर्माण तथा कालोपत्र — १४५८६५४<br>१९३.२०७७।१०।११ — उत्तम टोल मार्ग कालोपत्रे — ६८६९२२७ | |
| ६९ | | | **ढुवानी कर:**<br>भौ नं ५११,मिति २०७८/०२/२५ बाट होमस्टे प्रवर्द्धन कार्यक्रम अन्तर्गत संयुक्त होमस्टे समितिलाई विभिन्न सामान खरिद वापतको खर्च लेखेको छ।संलग्न फाँटवारी परिक्षण गर्दा समितिले खरिद गरिएका सामाग्रि ढुवानी गरेको ग २ च ६००६ का गाडि चालक बेल बहादुर गरुङ्लाई ढुवानी वापत रु ५६००० भुक्तानी गरिएको छ ।उक्त खर्च ढुवानी कर कट्टा गरेको नदेखिएकोले १०% को दरले हुन आउने ढुवानी कर रु ५६०० असुल गर्ने रु | ५,६०० |
| ७० | | | **सडक निर्माण कार्यको ट्याककोटमा बढि भुक्तानी:** | २०६,६८३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टण्डर्ड स्पेशिफिकेशन २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्याचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर र नया सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमा प्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर ट्याककोट लाग्ने उल्लेख गरेको छ। यस नगरपालिका अन्तर्गत उपभोक्ता समिति वा निर्माण सेवा मार्फत सम्झौता भई निर्माण कार्य गराएको पुराना सडकको प्याचिङ्ग तथा रिसिल्ङ्ग कार्यमा र नयाँ सडकको कालोपत्रे गर्ने कार्यका लागि विटुमिन तथा प्राइम कोट प्रयोग गरेको प्रति वर्ग मी क्षेत्रफलमा ०.७३ लिटर सम्म ट्याक कोट खर्च लेखि भुक्तानी गर्ने गरेको पाइयो। सडक विभागको उपरोक्त नर्म्स अनुसार विटुमिनस तथा प्राइमकोट खपतको ४० देखि ६० प्रतिशत मात्र ट्याककोटको खर्च लाग्ने र सोही बमोजिम मात्र खर्च लेख्नु पर्ने उल्लेख भएकोले तपसिलका कालोपत्रे सडकमा नर्म्स भन्दा बढी ट्याककोटको खर्च लेख्दा रु २०६६२३ बढी भुक्तानी भएको रकम उपभोक्ता समिति र निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु | |

| भौ नं मिति | योजनाको नाम | निर्माण सेवा / उ स को नाम | ट्याक कोट दिएको | ट्याककोट दिएको (लिटर) ७३ प्रतिशत | ट्याक कोट दिनु पर्ने (लिटर) (६० प्रतिशत) | ट्याक कोट वढी लिएको लिटर | ट्याककोट को दर प्रति लिटर (मुअकर समेत) | उपभोक्ता समितिको अंश (लिटर) | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| ५१.२०७७।०६। २७ | जागृतिटोल नाला तथा बाटो पिच | जागृतिटोल उपभोक्ता समिति | ९४५ | ६८९.८५ | ५६७ | १२२.८५ | १३६.१५ | ६१.४२५ | ८३६३ |
| ५३ ०७७।०६। २६ | भोटेपानी भित्रि मार्ग निर्माण | भोटेपानी भित्रि मार्ग निर्माण तथा | ६७३.१५ | ४९१.४ | ४०३.८९ | ८७.५१ | १३६.१५ | ४३.७५५ | ५९५७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तथा कालोपत्रे | कालोपत्रे उ स | | | | | | | | |
| | | | ७८. ०७७।०७। ०५ | मनकामना मार्ग नाला निर्माण तथा कालोपत्रे | मनकामना मार्ग नाला निर्माण तथा कालोपत्रे उपभोक्ता समिति | ५४४ | ३९७.१२ | ३२६.४ | ७०.७२ | १५५.९७ | ३५.३६ | ५५१५ | |
| | | | ११६.०७७।०८। २१ | जनसेवा मोटरमार्ग निर्मा | जनसेवा मोटरमार्ग निर्मा | २४६० | १७९५.८ | १४७६ | ३१९.८ | १३६.१५ | ५३.७३ | ३६२५५ | |
| | | | ११८.०७७।०८। २१ | मनमोहन मोटर मार्ग | मनकामना मोटर मार्ग निर्माण उ स | ९४८ | ६९२.०४ | ५६८.८ | १२३.२३ | १५५.४८ | ६१.६२ | ९५८१ | |
| | | | ११९ २०७८। ०८।२१ | मनमोहन मोटर मार्ग | मनकामना मोटर मार्ग निर्माण उ स | २६०० | १८९८ | १५६० | ३३८ | १५५.४८ | १६९ | २६२७६ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १४०.२०७७।०९।०२ | बगेनतारा भित्रि मोटर मार्ग निर्माण | बगेनतारा भित्रि मोटर मार्ग निर्माण उ स | १०७४.२ | ७८४.१७ | ६४४.५२ | १३९.६५ | १५५.५६ | ६९.८२५ | १०८६२ | | |
| | | | | १९३.२०७७।१०।११ | उत्तम टोल मार्ग कालोपत्रे | उत्तम टोल मार्ग कालोपत्रे | ३९०१ | २८४७.७३ | २३४०.६ | ५०७.१३ | १५५.९७ | २५३.५६५ | ३९५४८ | | |
| | | | | २५३.२०७७।१०।११ | जागृतिमार्ग कालोपत्रे तथा स्तरोन्नति | जागृतिमार्ग कालोपत्रे तथा स्तरोन्नति | ५१७.६ | ३८०.६२ | ३१०.६२ | ७०.०६ | १३६.१५ | ३५.०३ | ४७६९ | | |
| | | | | ४२०.२०७८।०१।१५ | बिद्या मार्ग कालोपत्रे | बिद्या मार्ग कालोपत्रे उ स | १०१४.६६ | ७४०.६६ | ६०८.७९६ | १३१.८६४ | १३६.१५ | २२.४१७ | १४९०१ | | |
| | | | | ४६४.२०७८।०२।११ | सेराडिहि सुनडाँडा मोटरमार्ग | सेराडिहि सुनडाँडा मोटरमार्ग उ स | १२४८ | ९११.०४ | ७४८ | १६३.०४ | १३६.१५ | २७.२३ | १८४९० | | |
| | | | | ५२६.२०७८।०३।०१ | जनसेवा मोटरमार्ग निर्माण | जनसेवा मोटरमार्ग कालोपत्र | १४०० | १०२२ | ८४० | १८२ | १३६.१५ | ३४ | २०१५० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५६२.२०७८.०३।०८</td><td>जनसेवा मोटरमार्ग निर्माण</td><td>जनसेवा मोटरमार्ग कालोपत्र</td><td>४१६</td><td>३०३.६८</td><td>२४९.६</td><td>५४.०८</td><td>१३६.१५</td><td>९.१९</td><td>६११२</td></tr>
<tr><td></td><td></td><td colspan="6">जम्मा</td><td></td><td>२०६६८३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>
चेनेज नखुलाई निर्माण कार्य सम्पादन:<br>
यस पालिकाले एउटै सडक खण्डमा एउटै उपभोक्ता समितिबाट एक पटक भन्दा बढि सम्झौता गरी सडक कालोपत्रे निर्माण कार्य सम्पादन गराएको छ। कार्यसम्पन्न गरिएका सडक कालोपत्रे योजना चेनेज नखुलाई लागत अनुमान तयार गरी सोहि बमोजिम कार्यसम्पन्न, नापी र अन्तिम मुल्याङ्कन कायम गरी भुक्तानी दिईएको छ।सम्पन्न भएका कालोपत्रे सडकको नापी किताव तयार गरिएको छैन। यसरी नापी किताव तयार नगरी एउटै उपभोक्ता समितिबाट एक पटक भन्दा बढि पटक निर्माण कार्य गराउदा वास्तविक कार्य के कति गरिएको हो एकिन गर्न नसकिने तथा काममा डुप्लिकेशन हुने सम्भावना देखिन्छ।यस तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।
<table>
<tr><th>भौ न</th><th>कामको विवरण</th><th>उपभोक्ता समिति</th><th>लागत अनुमान</th></tr>
<tr><td>११८</td><td>मनमोहन मोटर मार्ग कालोपत्रे</td><td>मनमोहन मोटर मार्ग कालोपत्रे उ स</td><td>१६३६११९.९२</td></tr>
<tr><td>११९</td><td>मनमोहन मोटर मार्ग कालोपत्र</td><td>मनमोहन मोटर मार्ग कालोपत्रे</td><td>२७१२२३८.१३</td></tr>
<tr><td>५२६</td><td>जनसेवा मोटर मार्ग कालोपत्र</td><td>जनसेवा मोटर मार्ग कालोपत्र उ स</td><td>२४११६६५.७९</td></tr>
<tr><td>५६२</td><td>जनसेवा मोटर मार्ग कालोपत्र</td><td>जनसेवा मोटर मार्ग कालोपत्र उ स</td><td>१८४२२३७.३९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>
अस्वाभाविक दररेट:<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।यस पालिकाले खोरादि कोट सिढि निर्माण उपभोक्ता समितिलाई भौ न ३३५ मिति २०७७।
</td><td>४०३,३४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १२।१२ बाट रु ५५०००० खर्च लेखेको छ।यस सम्बन्धी संलग्न फाटवारी परिक्षण गर्दा कुल लागत अनुमान रु ६०१९६३.१२ मध्य पालिकाबाट अनुदान रु ५००००० उपभोक्ता समितिबाट नगद लागत सहभागिता रु ५०००० र जनश्रमदान रु ५१९६२ बराबर रहेको छ।यस सम्बन्धमा लागत अनुमान तयार गर्दा कडा माटो खन्ने कार्य २६.५३ घ मि को प्रति घ मि रु ३६०.५० को दरले गरी रु ९५६३.१६ , ढुङ्गा सोलिङ्ग गर्ने कार्य १७.६९ घ मि प्रति घ मि रु २८९३.११९ दरले रु ५११७९.२७५ , पिसिसि १:३:६ ७.०७ घ मि प्रति घ मि रु९६४८.२७ को दरले जम्मा रु १२८९९४.२३ को लागत अनुमान तयार गर्नुपर्नेमा ढुङ्गा सोलिङ्ग कार्यको प्रति घ मि रु २८९३१.१९ को अस्वाभाविक दर आधार लिई लागत अनुमान तयार गरिएको र सोहि बमोजिम अन्तिम मुल्याङ्कन गरी भुक्तानी दिएको छ।यसरी दर रेटमा फरक पर्दा उपभोक्ता समितिलाई रु ४०३३४० बढि भुक्तानी भएकोले असुल गर्नुपर्ने रु | |

| भौ न मिति | लागत अनुमान,कार्यसम्पन्न र अन्तिम मुल्याङ्कन | | | | हुनु पर्ने लागत अनुमान, कार्यसम्पन्न र अन्तिम मुल्याङ्कन | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३३५.२०७७।१२।२२ | आईटम | परिमाण | दर | जम्मा रु | आईटम | परिमाण | दर | जम्मा |
| | कडा माटो खन्ने काम | २६.५३ | ३६०.५ | ९५६३.१६ | कडा माटो खन्ने काम | २६.५३ | ३६०.५ | ९५६३.१६ |
| | ढुङ्गा सोलिङ्ग | १७.६९ | २८९३१.१९ | ५११६४८.१ | ढुङ्गा सोलिङ्ग | १७.६९ | २८९३.११९ | ५११७९.२७५ |
| | पिसिसि १:३:६ | ७.०७ | ९६४८.२७ | ६८२५१.८६ | पिसिसि १:३:६ | ७.०७ | ९६४८.२७ | ६८२५१.८ |
| | जम्मा लागत अनुमान | | | ६०१९६३.१२ | जम्मा लागत अनुमान | | | १२८९९४.२३५ |
| | पालिका अनुदान | | | ५००००० | पालिका अनुदान | | | ७८९९४.२३५ |
| | उपभोक्ता सहभागिता रु ५० हजार नगद सहित (१७%) | | | १०१९६३.१२ | उपभोक्ता लागत सहभागिता | | | ५०००० |
| | खुद भुक्तानी भएको रकम कन्टिन्जेन्सि, अग्रिम आयकर कट्टा पछि र उपभोक्ताको लागत सहभागिता वापतको रकमको थप सहित (A) | | | ५३११४९ | खुद भुक्तानी हुनुपर्ने रकम कन्टिन्जेन्सि, अग्रिम आयकर कट्टा पछि र उपभोक्ता | | | १२७८०९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>समितिबाट लागत सहभागिताको ५० हजार सहित (B)</td><td></td></tr>
<tr><td></td><td colspan="2">उपभोक्ता समितिलाई बढि भुक्तानी भएको</td><td>A-B</td><td>४०३३४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>
ईटाँमा न्यून विजकिकरण:<br>
सार्वजनिक खरिद नियमावलिको नियम ९७(६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको वैठकवाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्दछ।यस पालिकाले कुल लागत अनुमान रु २०, ४४, ५५२।१५ रहेको भुमे भैरव मन्दिर निर्माण कार्यको भुमे भैरव कोट पुजा व्यवस्थापन तथा विकास समितिलाई भुक्तानी दिईएको छ। लाभग्राही समुहबाट निर्माण गरेकोमा प्राविधिक मुल्यांकनअनुसार ब्रिक्स मेसिनरी कामको लागी प्रतिघनमिटर ५६० वटा इटाँ आवश्यक पर्ने नर्म्सअनुसार उपभोक्ता समितिले भंडारी कंक्रिट ब्लक उद्योगको ५ वटा बिल बाट ४००० इटाँ खरिदको बिल पेश गरेको छ।घटि इटाँ खपत भएको अवस्थामा बढी मुल्यांकन गरी भुक्तानी दिइएको छ। स्वीकृत नर्म्सअनुसार यस निर्माण कार्यमा मुल्याङ्कन कायम भएको तर उपभोक्ता समितिले खरिद नगरेको १२८४५ गोटा ईटाँको प्रति गोटा मु अ कर सहित रु १५.५४ को दरले रु १९९६११ समेत भुक्तानी भएको छ साथै उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दरमा मुल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई मुल्य अभिवृद्धि कर वापतको रकम समेत भुक्तानी भएकोले खरिद बिल संलग्न नरहेको तर मुल्याङ्कन कायम भएको ब्रिक्स मेसिनरी कामको भुक्तानी भएको मुल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं मिति</th><th>निर्माण कार्य</th><th>ब्रिक्स मेसिनरी कामको परिमाण</th><th>मुल्यांकन अनुसार हुनुपर्ने विल</th><th>उपभोक्ता समितीले पेश गरेको विल</th><th>वढी खपत देखाइएको</th><th>इटाँको दर मु अ कर सहित</th><th>वढी भुक्तानी मु अ कर सहित</th><th>बढि भुक्तानी मु अ कर</th></tr>
<tr><td>२२७. २०७७। १०।२७</td><td>भुमे भैरवक्षेत्र मन्दिर निर्माण</td><td>३०.०८</td><td>१६८४५</td><td>४०००</td><td>१२८४५</td><td>१५.५४</td><td>१९९६११</td><td>२२९९३</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td colspan="2">जम्मा</td><td>१९९६११</td><td>२२९९३</td></tr>
</table>
</td><td>२२,९९३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७४</td><td></td><td></td><td>

**उपभोक्ता समितिलाई ओभरहेड:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा ९७(४) अनुसार उपभोक्ता वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । यस पालिकाले नगरपालिका भित्रका आर्थिक वर्ष २०७७/०७८ मा सम्झौता भई सम्पन्न भएका सडकको कालोपत्रे गर्ने कार्यको फाँटवारी परीक्षण गर्दा तपसिलको योजनाको सडक कालोपत्रे कार्यको प्राइमकोट र ट्याककोटको काममा ओभरहेड सहित खर्च लेखेको छ। ।यस निर्माण कार्यमा ओभरहेड सहित भुक्तानी भएकोले बढि भुक्तानी भएको ओभरहेड सम्बन्धीत प्राविधिक र उपभोक्ता समितिलाई जिम्मेवार बनाई असुल गर्नु पर्ने रु

<table>
<tr><th>भौ न.</th><th>योजनाको नाम</th><th>कामको विवरण</th><th>परीमाण</th><th>ओभरहेड सहितको दर</th><th>हुनुपर्ने दर</th><th>फरक दर</th><th>वढी रकम</th></tr>
<tr><td>५६३.२०७८।०३।०८</td><td>जनसेवा मोटर मार्ग निर्माण तथा कालोपत्रे</td><td>प्राइम कोट</td><td>४१६ व.मी</td><td>१५६.५७</td><td>१३६.५</td><td>२०.४२</td><td>८४९५</td></tr>
<tr><td>५६३.२०७८।०३।०८</td><td>जनसेवा मोटर मार्ग निर्माण तथा कालोपत्रे</td><td>ट्याक कोट</td><td>३०३.६८ व.मी.</td><td>१५६.५७</td><td>१३६.५</td><td>२०.४२</td><td>६२०१</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१४६९६</td></tr>
</table>

</td><td>१४,६९६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | **पूँजिगतबाट चालु प्रकृतिको खर्च:**<br>एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा पूँजिगत शिर्षकमा विनियोजन वजेटवाट चालु खर्च गर्न नपाउने उल्लेख छ। चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत मानिदैन।यस पालिकाले शिक्षको तलब पूँजिगत शिर्षकबाट भुक्तानी गरेको छ। यसरी चालु प्रकृतिका यस्ता खर्च पूँजिगत बजेटमा समावेश गरी खर्च लेखेको अनियमित देखिएको रु | ११२,००० |

| भौ न मिति | कार्यक्रम | कामको विवरण | रकम |
|---|---|---|---|
| ६६.२०७७।०७।०१ | संगम आधारभुत विद्यालय | शिक्षक तलव | ३६००० |
| २९६२०७७।१२।०८ | संगम आधारभुत विद्यालय | शिक्षक तलव | ७६००० |
| | जम्मा | | ११२००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७६</td><td></td><td></td><td>कार्यालयकोकाम उपभोक्ता समिति मार्फत गराएको:<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार रु २२६६६६६ खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रु<br>
<table>
<tr><th>भौ नं. मिति</th><th>कामको विवरण</th><th>उपभोक्ता समिति</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१९०.२०७७।१०।११</td><td>वडा कार्यालय मर्मत</td><td>वडा कार्यालय मर्मत उ स</td><td>६०००००</td></tr>
<tr><td>३४२.२०७७।१२।२४</td><td>कृषि पशु र आयुर्वेद शाखा तारवार</td><td>कृषि पशु र आयुर्वेद शाखा तारवार उ स</td><td>१००००००</td></tr>
<tr><td>८०१.२०७८।०३।२७</td><td>वडा कार्यालय कम्पाउण्ड निर्माण</td><td>वडा कार्यालय कम्पाउण्ड निर्माण उ स</td><td>६६६६६६</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२२६६६६६</td></tr>
</table></td><td>२,२६६,६६६</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>सस्कृति संरक्षण कार्यक्रम:<br>पालिकाले भौ न ७३८ मिति २०७८।०३।२५ बाटपूँजिगत खर्च शिर्षक अन्तर्गत सस्कृति संरक्षण कार्यक्रममा विनियोजन गरेको बजेट बाट व्यावसायिक गायकको गित रेकर्डिङ्ग तथा म्यूजिक भिडियो तयारीको खर्चको भुक्तानी गरेको छ। फाँटवारी परीक्षण गर्दा गित रेकर्डिङ्ग शुल्क, स्टुडियो शुल्क, अडियो सम्पादन शुल्कवापत मार्मिक रेकर्डिङ्ग स्टुडियोको बिल लगायत बिल भर्पाई संलग्न रहेको छ।कार्यालयले स्थानीय कला, साहित्य र सस्कृतिको संरक्षण र सम्वर्द्धन हुने गरी उपयोग गर्नु पर्नेमा कार्यक्रमको मर्म र उद्येश्य प्रतिकुल हुने खर्च गरेको छ। यसरी वार्षिक कार्यक्रमको उद्येश्य विपरित अनुत्पादक क्षेत्रमा खर्च लेखिएको अनियमित रु</td><td>२००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **जडान वेगरको खपत:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका भौचरवाट उपभोक्ता समितिलाइ भुक्तानी गरेकोमा खरिद गरेको पाइप जडान नभएको आधारमा रकम भुक्तानी भएको देखियो। सामान खरिद गरेर जडान नगर्दा कामको प्रभावकारीता नहुने तथा खरिद गरिएको पाईप प्रयोग भए नभएको एकिन नहुने हुँदा उक्त पाइप जडान भएको प्राविधिक पुष्ट्याई सहितको प्रमाण पेश गर्नुपर्ने रु | २४५,३९५ |

| भौ नं मिति | उपभोक्ता समितिको नाम | जडान नभएको पाइप | दर प्रति रनिङ्ग मिटर | पाइपको रकम |
|---|---|---|---|---|
| ६८.२०७७।०७।०३ | ठाडो बेलौते खा पा योजना उ स | १५०० मिटर ३२ मिमि र २००० मिटर २५ मिमि एचडिपी पाइप खरिद भएकोमा ३२ मिमि १२५० मिटर र २५ मिमि १६०० खपत भएको | ३२ मिमि ८३.५० प्रति रनिङ् मिटर र २५ मिमि ५०.५० प्रति रनिङ्ग मिटर | ४१०७५ |
| ३७१.२०७८।०१।०५ | मनकामना पौवा झिकास टोल विकास संस्था | २५०० रनिङ्ग ३२ मिमि पाईप र १६ मिमि ५०० रनिङ्ग मिटर खरिद भएकोमा १६ मिमि पुरै खपत र ३२ मिमि ३०० रनिङ्ग मिटर पाईप खपत भएको | ३२ मिमि ६३.५० प्रति रनिङ्ग मिटर | २०४३२० |
| | जम्मा | | | २४५३९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम:**<br>यस कार्यक्रम अन्तर्गत रु ७५०००००। अख्तियारी प्राप्त गरी उपभोक्ता मार्फत विभिन्न योजनामा रु ६८१९७५० खर्च गरेकोछ ।यसमा देखिएको ब्यहोरा निम्नानुसार छन्:<br><br>पालिकाको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोर, डोजर, ग्रेडर विट्मिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन । तर, लागत अनुमान तयार गर्दाको समयका हेभी मेशीन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा पालिकाबाट सहमति लिई त्यस्ता मेशीन प्रयोग गर्न सकिनेछ । दुलेगौँडा नयाँपुल देखी लालिम जाने मोटर मार्ग कालोपत्रे गर्ने कार्यको लागि पालिकाबाट रु.२०००००० र उपभोक्ताको तर्फबाट रु ४०२०६०।१५ गरी जम्मा रु.२४०२०६०।१५ खर्च गरेको छ । जटिल प्रकृतीको कार्य भनि सम्बन्धित प्राविधीकको सिफारिस र पालिकाको सहमति लिएको नपाईएकोले कार्य नियम सम्मत देखिएन। नियमको पालना गरी उपभोक्ता समितीबाट निर्माण कार्य गरिनुपर्दछ ।<br>सोही नियमवालीको नियम (९७) उपनियम (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि पालिकाले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने ब्यवस्था भएकोमा हाल सम्म कुनैपनि योजना हस्तान्तरण भएको छैन। नियमको पालना गरी योजना हस्तान्तरण गरी योजनाको दिगोपनको सुनिश्चिता गर्नुपर्दछ । | |
| ८० | | | **ग्रेड वढि भुक्तानी**<br>निजामति कर्मचारीलाई तलवभत्ता भुक्तानी गर्दा कोष तथा लेखा नियन्त्रक कार्यलयबाट पारित तलबी प्रतिवेदनका आधारमा भुक्तानी गर्नुपर्दछ।पालिकाले अधिकृत सातौं गोपाल प्रसाद श्रेष्ठलाई मंशिर देखी ५ ग्रेड भुक्तानी गर्नुपर्नेमा साउन देखी नै भुक्तानी भएकोले बढी ग्रेड भुक्तानी भएको असुल गर्नुपर्ने रु | ६,३१० |
| ८१ | | | **सुरक्षित नागरिक आवास कार्यक्रमः**<br>सुरक्षित नागरिक आवास कार्यविधी, २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) वमोजिम स्थानिय तहसंग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा बाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहेकोछ।पालिकाले यस वर्ष १२० जना लाभग्राहीलाई प्रथम किस्तावापत रु ३०००० का दरले सुरक्षित नागरिक आवास अनुदान रकम वापत जम्मा रु.३६०००००।०० उपलव्ध गराएकोमा अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्यांकन गरी आवास निर्माण कार्य सम्मन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२ | | | **नर्म्स भन्दा भुक्तानी**<br>अर्थमन्त्रालयवाट जारी कार्यसंचालन निर्देशिका, २०७५ (७.१.५) मा तालिम तथा गोष्ठी संचालन सम्बन्धि व्यवस्थामा तालीम संचालनमा खर्च गर्न सकिने नर्म्सको दर उल्लेख गरेको छ । भौ नं १७३ नगरपालिकाले सशर्त बजेट अनुसार सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजना सम्वन्धी अभिमुखिकरण एवं प्रशिक्षण कार्यक्रममा कार्यसंचालन निर्देशिका भन्दा वढी भुक्तानी भएको करकट्टि पछिको असुल गर्नुपर्ने रु | ७,३१० |

| **विवरण** | **हुनुपर्ने दर** | **भुक्तानी भएको दर** | **परिमाण** | **वढी भुक्तानी** |
|---|---|---|---|---|
| प्रशिक्षकको पारिश्रमिक (बाह्य) | १५०० | २५०० | ३ | ३००० |
| प्रशिक्षकको पारिश्रमिक (आन्तरिक) | ८०० | २००० | २ | २४०० |
| प्रशिक्षकको पारिश्रमिक(आन्तरिक) | ८०० | १५०० | ३ | २१०० |
| संयोजक भत्ता | ४०० | १००० | १ | ६०० |
| प्रतिवेदन लेखन | १००० | १५०० | १ | ५०० |
| | | जम्मा | | ८६00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | **फिल्ड भत्ता**<br>महालेखा नियन्त्रक कार्यालयकोच नं १७।०७६।९।११ को पत्रमा करार सेवामा नियुक्ती गरेका कर्मचारीलाई चाडपर्व र पोशाक मात्र सम्झौतामा उल्लेख गरेर दिन मिल्ने उल्लेख गरेकोमा पालिकाले गरिवि निवारणका लागि लद्यु उद्यम विकास कार्यक्रममा करारमा कार्यरत कर्मचारीलाई मिति २०७७।९।१ गतेको करार नियुक्ति देखि मासिक रुपमा अधिकृत छैटौलाई रु ६००० र सहायकस्तरलाई रु ४००० को दरले फिल्ड भत्ता उपलब्ध गराएको छ ।पालिकाले करार कर्मचारीलाई फिल्ड भत्ता दिने सम्वन्धमा मिति २०७७।९।२ को निर्णयमा कार्यक्रम संयोजकको मासिक रु ६००० का दरले आन्तरिक स्रोतबाट र अन्यको हकमा सम्वन्धित शिर्षकबाट खर्च गरिने निर्णय भएकोमा सशर्त तर्फको लद्यु उद्यम विकास कार्यक्रमबाट सवै करार कर्मचारीको फिल्ड भत्ता वापत रु ७१००० भूक्तानी गरेको देखिन्छ।महालेखा नियन्त्रक कार्यालयको परिपत्र भन्दा विपरीत करारलाई फिल्ड भत्ता सुविधा दिएकोले अनियमित देखिएको रु | ७१,००० |
| ८४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटो बाटो निर्माण, सडक नाला निर्माण, काम लगायतका ११वटा निर्माणका कार्यक्रम सञ्चालन गरी रु. २१ लाख २२ हजार खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको नदेखिएकोले यस तर्फ पालिकाको ध्यान जानुपर्दछ। | |
| ८५ | | | **मेड्पा कार्यक्रम**<br>गरिवि निवारणका लागी लद्यु उद्यम विकास कार्यक्रम कार्यसञ्चालन निर्देशिका २०७७ (४१)माउद्यमिलाई उपलब्ध गराउने प्रविधिमा कुल लागतको कम्तिमा २० प्रतिशत लागत उद्यमिले व्यहोर्नु पर्ने व्यवस्था छ।पालिकाले लागत सहभाागिता अंश वेगर गरिवि निवारको लागि लद्यु उद्यम विकास कार्यक्रम अन्तर्गत सिलाई कटाई सम्बन्धि तालिम संचालन गर्नको लागि सिलाई मेसिन ११ वटा रु १५५७९० मा खरिद गरेको छ।तालिम कार्यक्रम पश्चात प्रविधि हस्तान्तरणको भरपाई समावेश नभएकोले प्रविधि हस्तान्तरण भयो भएन एकिन हुन सकिएन।यदी प्रविधि हस्तान्तरण नभएको भए स्टोर मा दाखिला गरी सुरक्षित राख्नु पर्नेमा स्टोर दाखिला समेत नभएकोले सिलाई मेसिन कसलाई हस्तान्तरण गरिएको हो , कति प्रतिशत लागत साझेदारी गरिएको हो एकिन हुन सकिदैन।पालिकाले प्रविधि हस्तान्तरण गर्दा निर्देशिकामा उल्लेख भएका शर्त पालन गर्न तर्फ ध्यान दिनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६ | | | **शिर्षक फरक पारी खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा १९(२) मा स्वीकृत वजेट तथा कार्यक्रमको अधिनमा रहि बजेट कार्यान्वयन गर्ने व्यवस्था छ ।नगरपालिकाले कृषकलाई मकैको विउ अनुदान दिदा उन्नत मकै विउमा कृषकलाई अनुदान कार्यक्रमबाट खर्च गर्नुपर्नेमा धान उत्पादन प्रर्वद्धन कार्यक्रमबाट खर्च गरेकोले फरक शिर्षक पारि गरेको खर्च अनियमित देखिएको रु | १२२,४०० |
| ८७ | | | **हाते ट्याक्टर खरिद**<br>नरपालिकाले सशर्त कृषि कार्यक्रम तर्फ ५० प्रतिशत अनुदानमा कृषकलाई वितरण गरेको हाते ट्याक्टर फोर्स इन्जिनियरिङ्ग सोलुसन प्रा ली बाट Force 170 mimi tiller रु ५०००० र Force 173 diesel mini tiller 6hp रु ६०००० मा खरिद गरेको छ । साथै पालिकाले डि वि इन्टरनेशनल प्रा लिबाटForce 170 mimi tiller ५५००० र Force 173 diesel mini tiller 6hp ६५००० मा खरिद गरेको देखिन्छ । पालिकाले निवेदन दिने सवै कृषकलाई अनुदान दिएको र अनुदान कति दिने भन्ने अधिकतम सिमा पनि नतोकि कृषको विलको ५० प्रतिशत अनुदान दिने गरेको देखियो । यसरी पालिकाले औजार उपकरणमा अनुदान दिदा लागत अनुमान, अधिकतम सिमा नतोकिदिदा एउटै क्षमता भएका औजार पनि फरक फरक मुल्यमा खरिद हुने हुदाँ पालिकालाई थप व्ययभार पर्न जान्छ । त्यसैले पालिकाले ठुलो परीमाणमा अनुदान दिने कार्यक्रममा सामानको स्पेशिफिकेशन उल्लेख गरी लागत अनुमान तयार पार्ने र अनुदानको अधिकतम सिमा निर्धारण गरी अनुदान मितब्ययी तथा प्रभावकारी ढंगले वितरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ८८ | | | **बिल भन्दा वढि भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। नगरपालिकाले सशर्त कृषि कार्यक्रम भौ नं ३१९ बाट कृषकलाई अनुदान दिएको हाते ट्यक्टरको विल भुक्तानी गर्दा फोर्स इन्जिनियरिङ्ग सोलुसन प्रा ली लाई विलमा रु ७०४००० को ५० प्रतिशत अनुदान कट्टा गरी रु ३५२००० भुक्तानी गर्नुपर्नेमा रु ३८२००० भुक्तानी गरेकोले बिल भन्दा वढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु | ३०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८९ | | | **जिल्ला दररेट भन्दा बढी भुक्तानी**<br>सामानको लागत अनुमान तयार गर्दा जिल्ला दररेट निर्धारण समिति वा पालिकाले तयार गरेको दर प्रयोग गर्नुपर्दछ ।पालिकाले सशर्तको बाख्रापालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत कृषकलाई डाले घाँस उपलब्ध गराएकोमा जिल्ला दररेट भन्दा बढी दरमा भुक्तानी गरेकोले बढी भुक्तानी गरेकोमा कृषकको अंश बाहेक असुल गर्नुपर्ने रु | १०,२९६ |

| भौ नं | समुह | विवरण | जिल्ला दररेट | भुक्तानी भएको दर | परिमाण | वढी भुक्तानी | कृषकको अश बाहेकको वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २६४ | बरभन्याङ्ग बाख्रा पालन प्रर्वद्धन कार्यान्वयन समिति | राइ खनियो | ३३.२८ | ३५ | ७८ | १३४ | ६७ |
| | | वडहर | १९.८० | ३५ | ११७ | १७७८ | ८८९ |
| | | टांकी | १२.१० | ३० | ७८ | १३९६ | ६९८ |
| २९२ | देउराली बाख्रा पालन प्रर्वद्धन कार्यान्वयन समिति | राइ खनिया | ३३.२८ | ३५ | ४०४ | ६९५ | ३४८ |
| | | वडहर | १९.८० | ३५ | ६१२ | ९३०२ | ४६५१ |
| | | टांकी | १२.१० | ३० | ४०७ | ७२८५ | ३६४३ |
| | | | | जम्मा | | | १०२९६ |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९० | | | **दोहोरो भुक्तानी**<br>५२।०७७।९।३ आलुको विउ लिन काभ्रे पनौती जाँदा कर्मचारीलाई मिति २०७७।६।२१ देखि ६।२७ सम्मको भ्रमण खर्च नियमावली अनुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराईसकेको अवस्थामा होटल भाडा, खाना, खाजावापत ५ वटा विलबाट रु २३४४५ भुक्तानी गरिएको छ ।कर्मचारीलाई दैनिक भ्रमण भत्ता वापतको भुक्तानी पश्चात होटल, खाना, खाजाको खर्च भुक्तानी दिन नमिल्ने हुदा दोहोरो भुक्तानी असुल गर्नु पर्ने रु | २३,४४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९१ | | | **मृत्युपश्चातको भत्ता निकासाः**<br>सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तीको मृत्यू भएका उक्त लाभग्राहीलाई भत्ता पाउने सुचीवाट हटाई मृत्यू भएको दिनदेखी भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले प्रथम तथा अन्तिम चौमासिक भत्ता वितरण गर्दा देहायका व्यक्तीको मृत्यूपश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु | ३७,००० |

| सि नं | लाभग्राहीको प्रकार | लाभग्राहीको नाम | वडा नं | मृत्यू मिति | वढी वुझेको रकम | वढी वुझेको चौमासिक |
|---|---|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक | केसरी थापा | १० | ०७८।२।१४ | ४५०० | तेस्रो |
| २ | ज्येष्ठ नागरिक | दान व थापा | १० | ०७८।३।१ | ३००० | तेस्रो |
| ३ | ज्येष्ठ नागरिक | हुम नाथ भण्डारी | ५ | ०७८।२।१० | ५००० | तेस्रो |
| ४ | ज्येष्ठ नागरिक | रुपा वि क | ७ | ०७७।६।२९ | ३००० | प्रथम |
| ५ | ज्येष्ठ नागरिक | पुमा देवि वि क | ७ | ०७७।६।२७ | ३३०० | प्रथम |
| ६ | ज्येष्ठ नागरिक | चोला कुमारी श्रेष्ठ | ७ | ०७७।७।५ | २५०० | प्रथम |
| ७ | ज्येष्ठ नागरिक | उजेली सार्की | ७ | ०७६।५।१३ | ८००० | प्रथम |
| ८ | ज्येष्ठ नागरिक | नोमलाल वस्याल | ७ | ०७८।१।१३ | ७७०० | तेस्रो |
| | | | | जम्मा | ३७००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९२ | | | **निस्कृय खाताः**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनसुसूचि ७ को बुंदा न ७ मा सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्य निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाइ दिनुपर्ने साथै अनुसुची ८ को बुंदा न १० मा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महनाभित्र सम्बन्धित स्थानीय तहलाइ दिनुपर्ने ब्यवस्था छ । पालिकाले ९ वटा वैक मार्फत सामाजिक सुरक्षा वितरण गरेकोमा लेखापरीक्षणको क्रममा निस्कृय खाताको विवरण माग गर्दा देहायवमोजिमको ५ वैकका ६५ खाता निस्कृय रहेको र उक्त खातामा रु ४२४७५३४। रकमको खाता निष्क्रिय रहेको वैकवाट प्रमाणित विवरण पालिकामा प्राप्त भएको छ।उल्लिखित निस्क्रिय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहिहरु सम्वन्धमा सम्वन्धित वडाबाट एकिन गरी नभएको अवस्थामा खातामा निस्क्रिय रहेको रकम असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.... | ४,२४७,५३४ |

| वैक | वडा नं | लाभग्राही संख्या | रकम |
|---|---|---|---|
| लुम्बिनी विकास बैक | ६ | १४ | ८५०२४६ |
| लम्बिनी विकास बैक | ७ | ८ | ३९४१२४ |
| मुक्तिनाथ विकास वैक | | ३३ | २४४००४० |
| कामना विकास बैक | ८ | १ | ३६२९१ |
| प्रभु बैक | ३ | १ | ७१७६५ |
| प्रभु बैक | ४ | ३ | २१७५६३ |
| एन आई सि एसिया बैक | | ५ | २३७५०५ |
| जम्मा | | ६५ | ४२४७५३४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | अनुगमन तथा संम्परीक्षण | |

अनुगमन तथा संम्परीक्षण

**अनुगमन तथा सम्परीक्षण**– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । बाँकी बेरुजु समेत फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गर्नुपर्दछ । हालसम्मको कुल बेरुजुको स्थिति देहायअनुसार छः

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) | यो वर्षको बेरुजू (D) | संपरीक्षणबाट कायम बेरुजू (E) | अध्याविधक बाँकी बेरुजू (F=C+D+E) |
|---|---|---|---|---|---|
| १०३३७२ | ४५३४४ | ९२४८९ | ५९९६० | ० | १५२४४९ |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ

| आर्थिक बर्ष | दफा नं | बेरुजुको व्यहोरा | रकम |
|---|---|---|---|
| २०७५।७६ | ४८।५ | पेश्की फछ्यौटको विवरण पेश भएको | ३८१६००० |
| २०७६।७७ | ८२।१३ | बढी भुक्तानी भएकोमा असुल गरि दाखिला भई आएको | १६०० |
| २०७६।७७ | १७ | बढी भुक्तानी भएकोमा असुल गरि दाखिला भई आएको | ५०००० |
| २०७६।७७ | 31।2 | बढी भुक्तानी भएकोमा असुल गरि दाखिला भई आएको | ३५०० |
| २०७६।७७ | ६८ | बढी भुक्तानी भएकोमा असुल | ७४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गरि दाखिला भई आएको | | | |
| | | | | २०७६।७७ | ३१ | बढी भुक्तानी भएकोमा असुल गरि दाखिला भई आएको | ३५०० | | |
| | | | | २०७६।७७ | ३१।१ | बढी भुक्तानी भएकोमा असुल गरि दाखिला भई आएको | ३००० | | |
| | | | | २०७६।७७ | २२।२ | बढी भुक्तानी भएकोमा असुल गरि दाखिला भई आएको | ५१०० | | |
| | | | | २०७६।७७ | १५,८२।८ | पदाधिकारीको बढी भुक्तानी असुल गरि दाखिला भई आएको | ३७८७०५ | | |
| | | | | २०७६।७७ | ८२।३८ | प्रमाण पेश भएको | ४३६२२९ | | |
| | | | | २०७६।७७ | ८२।२८ | जिन्सि दाखिला प्रमाण पेश भएको | ५०२०८ | | |
| | | | | २०७६।७७ | ४३ | छात्रवृत्ति बढी निकासा भएकोमा असुल गरि दाखिला भई आएको | ५५२०० | | |
| | | | | २०७६।७७ | ८२।२५ | कार्यसम्पन्न प्रतिवेदन पेश भएको | १००००० | | |
| | | | | २०७६।७७ | ८२।३५ | जिन्सि दाखिला प्रमाण पेश भएको | ५०००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७६।७७ | ८२।४२ | जिन्सि दाखिला प्रमाण पेश भएको | ४४६५३६ | | |
| | | | | २०७६।७७ | ६९ | मु अ कर समायोजन पेश भएको | ३८२१२३ | | |
| | | | | २०७६।७७ | ८२।२७ | जिन्सि दाखिला प्रमाण पेश भएको | ८०००० | | |
| | | | | २०७६।७७ | ८२।५ | विल भरपाई पेश भई आएको | ६००००० | | |
| | | | | २०७६।७७ | ८२।२४ | प्रमाण पेश भएको | १५४९७५ | | |
| | | | | २०७६।७७ | ८२।२२ | प्रमाण पेश भएको | २९७००० | | |
| | | | | २०७६।७७ | ८२।२३ | प्रमाण पेश भएको | १७५३७५ | | |
| | | | | २०७६।७७ | १६ | मु अ कर समायोजन पेश भएको | ७२८० | | |
| | | | | २०७६।७७ | २३ | अनुगमन भत्ता असुल गरि दाखिला भई आएको | १९७०० | | |
| | | | | २०७६।७७ | ४५ | पेश्की फछ्यौटको विवरण पेश भएको | ३७६०००० | | |
| | | | | २०७६।७७ | ४८।५ | कार्यसम्पन्न प्रतिवेदन पेश भएको | १५०००००० | | |
| | | | | २०७६।७७ | ८१ | पेश्की फछ्यौटको विवरण पेश | १९४६०००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भएको | | | |
| | | | | | | जम्मा | ४५३४३४३१ | | |